नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक परामर्श,प्रमाणीकरण तथा छात्रवृत्ति शाखा
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८३।०८४
चलानी नं.:- २२

प्रथम पटक प्रकाशनमितिः २०८३/०५/३०

## शैक्षिक परामर्श सेवा र भाषा परीक्षणका लागि संस्था दर्ता गराउने सम्बन्धी सूचनाः

शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ को नियम ३ को उपनियम (२) र उपनियम (७) तथा नियम ६ को उपनियम (२) बमोजिम शैक्षिक परामर्श सेवा र भाषा परीक्षणका लागि सेवा सञ्चालनको अनुमति माग गर्ने cims.moest.gov.np मार्फत प्रदेश सरकार वा स्थानीय तहबाट अनुमति पाएको संस्थाले २०८३ असोज २५ गतेभित्र र अन्य संस्थाहरुले प्रथम पटक सूचना प्रकाशन भएका मितिले ३५ दिन भित्र अनलाईन निवेदन गर्न सम्बन्धित सवैको जानकारीकालागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिलः

**(क)सवै समूहको लागि**

१. नियमावलीको अनुसूचीमा उल्लिखित ढाँचामा निवेदन र कागजात ।

२. कम्पनी दर्ता प्रमाणपत्र ।

३. भ्याट/प्यान प्रमाणपत्र ।

४. आ.व. २०८२/०८३ सम्मको कम्पनी अद्यावधिक प्रमाण ।

५. आ.व. २०८२/०८३ सम्मको करचुक्ता प्रमाण ।

६. शैक्षिक परामर्श सेवाका लागि स्नातक उत्तिर्ण गरी तालिम प्राप्त जनशक्तिको नियुक्ति सहितका कागजात ।

७. भाषा परीक्षणकालागि सम्बन्धित भाषा परीक्षणको अधिकार प्राप्त निकायको अनुमतिपत्र र सम्वन्धित देशको कुटनीतिक निकायको सिफारिश ।प्रशिक्षकको योग्यता र तालिम सम्बन्धि प्रमाणपत्रहरु ।

८. भाषा शिक्षणका लागि स्नातक उत्तिर्ण भई सम्बन्धित भाषा शिक्षणका लागि योग्यता पुगेको प्रमाणपत्रहरु ।

९. पछिसम्म फरक नपर्ने गरी पोर्टलमा उल्लिखित प्रोफायलका विवरणहरु

ख) **मन्त्रालयमा निवेदन दिएर निर्णय नभएकाहरुका लागिः यस मन्त्रालयमा अन्तिम निर्णय भएको मिति २०७४/१०/१७ पश्चात २०७५ साउन १४ गते अगावै निवेदन दिएर निर्णयको पर्खाइमा रहेको संस्थाहरुले माथी उल्लिखित विवरणका अतिरिक्त देहाय बमोजिम थप विवरण पेश गर्नुपर्नेछ ।**

१०. Cims.moest.gov.np पोर्टलमा Waiting for ministry decision मा चिन्ह लगाउने (selection गर्ने)

फोन नं.:
वेबसाइट : www.moest.gov.np

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक परामर्श,प्रमाणीकरण तथा छात्रवृत्ति शाखा
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०८३/०८४
चलानी नं.:- २२

११. निवेदन पेश गर्दाका वखत मन्त्रालयले दिएको स्लिप र बैड्क भौचर अपलोड गर्ने

**ग. सवै प्रदेश तथा स्थानीय तहबाट शैक्षिक परामर्श सेवा अनुमति पाएका संस्थाहरुले माथी खण्ड 'क' मा उल्लिखित विवरणका अतिरकित देहाय बमोजिमका कागजात सहित निवेदन गर्नु पर्नेछ।**

१२. Cims.moest.gov.np पोर्टलमा Province Approval मा चिन्ह लगाउने (selection गर्ने) ।

१३. प्रदेश/ स्थानीय तहबाट मिति २०८३ असार २५ गते अगावै प्राप्त गरेको अनुमति/स्वीकृति पत्र ।

**घ. निवेदन दस्तुर र युजर आइडी सम्बन्धी व्यवस्था:**

१४. २०७५ साउन १४ अगावै निवेदन दिएर मन्त्रालयको निर्णय पर्खाइमा रहेका निवेदकहरुको हकमा निवेदन दस्तुर लाग्ने छैन ।

१५. अन्य निवेदकहरुको हकमा रु ५०००/०० (अक्षरेपी रूपैया पाँचहजार मात्र निवेदन दस्तुर लाग्ने छ)

१६. निवेदन दस्तुर बुझाउन पोर्टलमा विवरण भरेपछि रु ५०००|०० को भौचर सिर्जना हुनेछ । कनेक्ट आइपिएस, खल्ती, इसेवा वा अन्य अनलाइन भुक्तानी प्रणालीमा गई Government Payment भित्र गएर Inland revenue मार्फत सृजित भौचरको EBP Number प्रविष्ट गरी रकम भुक्तानी गर्नु पर्नेछ । अन्य विधिबाट गरेको भुक्तानी मान्य हुनेछैन। भुक्तानीको विधि नमिलेको खण्डमा युजर आइडी सृजना गरी आफ्नो प्रोफायल तयार गर्न नसकिने भएकाले सजगतापूर्वक विवरणहरु प्रविष्ट गर्नुपर्नेछ ।

**ङ. अन्य:**

१७. यस प्रकार पहिलो पटक अनुमति माग गर्ने संस्थाहरुले शाखा कार्यालय माग गर्न सक्ने छैनन् ।

१८. मन्त्रालयको निर्णय पर्खाइमा रहेका र प्रदेश सरकार वा स्थानीय तहबाट स्वीकृति/ अनुमति पाएका संस्थाहरुको नाम परिवर्तन हुन सक्ने छैन ।

१९. शैक्षिक परामर्श सेवा र भाषा परीक्षणको अनुमति वाहेक अन्य प्रकारका सेवा सञ्चालनको लागि शैक्षिक परामर्श, भाषा परीक्षण तथा तयारी (कक्षा सञ्चालन र व्यवस्थापन) सम्बन्धी नियमावली, २०८३ को नियम ६ बमोजिम प्रदेश सरकार वा स्थानीय तहबाट स्वीकृति/ अनुमति लिन सकिने छ ।

२०. आवेदन गर्ने सम्बन्धमा कुनै समस्या भएमा ०१- ६६३०९०७ मा फोन गर्न वा सानोठिमीस्थित शाखामा सम्पर्क राख्न सकिने छ ।

सेमन्तराज कोइराला
उपसचिव